# कालो पट्टी पर्व : जनआन्दोलनको जूनकिरी

**खगेन्द्र संग्रौला**

अलि महिनाअघि अंग्रेजी दैनिक *काठमाडौं पोस्ट*मा तरूण इतिहासकार डा. प्रत्यूष वन्तको एउटा समीक्षा टिप्पणी छापिएको थियो – *संग्रौलासँग फेरि पञ्चायतको भ्रमण गर्दा* (वन्त १९९६)।[१] उक्त समीक्षाको सामयिक महत्व र समीक्षाकारको साहसको सराहना गर्दै सोही पत्रमा अमेरिकामा अध्ययनरत डा. महेश मास्केको एउटा प्रतिक्रिया प्रकाशित भयो (मास्के १९९६)। आफ्नो प्रतिक्रियामा डा. मास्केले ०४६ सालको जनआन्दोलनमा लेखक-कलाकारहरूको सहभागिता र योगदानको चर्चा गर्दा साहित्यकार र कलाकर्मीहरूको कालो पट्टी पर्वको मूल संगठक संग्रौला थियो भनी मेरो नाम अघि सार्नुभएको रहेछ। त्यसपछि डा. मास्के र डा. मेरी डेशेनले गर्नु भएको मेरो कविता *जीवनको रङ्ग र मृत्युको अर्थ*को अनुवादको सिरानमा मेरो परिचय दिंदा डा. मास्केको उही विचार फेरि दोहोऱ्याइएको रहेछ (डेशेन तथा मास्के १९९६)। अतिशय स्नेहकासाथ डा. मास्के र डा. डेशेनले मलाई दिनुभएको जसको त्यो भारी मलाई धेरै नै गरूङ्गो लाग्यो, मेरो निम्छरो हैसियतले थेग्नै नसक्ने खालको। इतिहास साक्षी छ, कालो पट्टी पर्वका आफ्नै प्रेरकहरू थिए, आफ्नै संगठकहरू थिए र आफ्नै सिपाहीहरू थिए। त्यसका आफ्नै रौसे रमितेहरू थिए र आफ्नै चाखलाग्दा जोक्करहरू पनि थिए। कालो पट्टी पर्वको सम्झना गर्दा आफ्नै मनको बाघको डरले थर्थरी काम्दै घरका सारा झ्याल-ढोका थुनेर गुप्तबास बसेका त्यसका आफ्नै अति भूमिगत सिपाहीहरू पनि थिए। कालो पट्टी पर्वको यस विशाल पल्टनको माझमा आफ्नो भूमिकाबारे मैले भन्न सक्ने जम्मा कुरा यति मात्र हो – कालो पट्टी पर्वको प्रक्रियाको शुरूदेखि अन्तसम्म म पनि त्यसमा हाजिर थिएँ – अरू धेरैजना जस्तै केवल एक साधारण सिपाहीका रूपमा, एक सम्चारे हुलाकीका रूपमा। आफ्नोबारेमा यहाँ मैले भन्नसक्ने जम्मा कुरा यत्ति हो।

०४६ को जनआन्दोलनपछि पवित्र वागमतीमा निकै गन्दे लेदो बगिसकेको छ। साहित्यकार र कलाकर्मीहरूको कालो पट्टी पर्वबारे विभिन्न व्यक्तिहरूले अनेक सन्दर्भमा अनेक कुरा बोलेका छन्, लेखेका छन्। जीवनका हर कार्यब्यापारबाट निजी लाभ हातलागी गर्न सिपालु कतिपय टाठाबाठा र फुर्तिलाहरूले त आफूलाई यस पर्वका तिलस्मी नायकका रूपमा चर्चा गर्न पनि भ्याइसकेका छन्। अनि अरू कतिपय चाहिं यस पर्वलाई आफ्नो लेखकीय पराक्रमको हिमालचुलीका रूपमा प्रस्तुत गर्न पनि पछि परेका छैनन्। आखिर जनआन्दोलनको जटिल र कष्टकर प्रक्रियामा, नेपाली इतिहासको

---

१ नदी १(१): ६१-७७ (कार्त्तिक २०५३) मा छापिएको यो लेख केही परिमार्जन सहित यहाँ पुनर्मुद्रण गरिएको छ।

त्यो नाजुक क्षणमा के थियो त्यो कालो पट्टी पर्व? त्यसको पृष्ठभूमिमा के थियो? त्यस प्रक्रियाको निर्माण गर्ने कर्मीहरू को को थिए? त्यसका नायक को थिए, सिपाहीहरू को थिए, खलनायकहरू को थिए र जोक्करहरू को थिए? मलाई लाग्छ, इतिहासका तथ्यहरूलाई तथ्यका रूपमा सम्मान गर्न र इमानसाथ स्थापित गर्न यस पर्वका सिपाहीहरूले यसबारे आफूलाई र अरूलाई नढाँटीकन साँचो बोल्नैपर्छ। नत्रभने इतिहासका खलनायकहरूले तिलस्मी शैलीमा इतिहासको रङ्गमञ्चमा उक्लेर सक्कली नायकहरूलाई धूलामा पछारिदिने छन्। र, सद्विवेक, समर्पण, साहस र उत्सर्गको जगबाट उठेका इतिहासका सत्कर्महरू खलनायकहरूका बिलासी भोजभतेरमा परिणत हुनेछन्।

कालो पट्टी पर्वको पूर्व सन्ध्यामा जनआन्दोलनको अवस्था कस्तो थियो? बिषयको थालनी म यहींबाट गरूँ।

अहिले म सम्झन्छु, कालो पट्टी पर्वको पूर्व सन्ध्यामा जनआन्दोलन गाढा थकाइ र शिथिल तन्द्राको अवस्थामा छ। वाम र काङका प्रतिबन्धित झण्डाहरू देशभरिका सडकमा प्रदर्शन गर्ने र छर्ने काम भइसकेको छ। पञ्चायती कालो सम्बिधान जनविरोधको प्रचण्ड ज्वालामा सडक-सडकमा जलेर भष्मखरानी भइसकेको छ। आन्दोलनको नेतृत्वको भण्डारमा कार्यक्रमका बुँदाहरू निखिएका छन्। वाम र काङका कतिपय नेता र असंख्य कार्यकर्ताहरू थुनामा छन्, दारूण यातना र घोर अपमान झेलिरहेका छन्। राजनैतिक नेतृत्व चिन्तित छ, मानौं बिलखबन्द छ। अब के गर्ने? जनशक्तिको कुन मुहानबाट उर्जा थपेर जनआन्दोलनमा नवजीवन र गति संचार गर्ने? पञ्च दाइ र कमाण्डो भाइहरू घनघोर विजय मुद्रामा छन् – जनआन्दोलन अब सेलायो। मच्चियो, मच्चियो आखिर सधैंझैं नै फेरि पनि थच्चियो। विनाशकारी आनन्दमा उन्मादी उत्तेजना थप्न पञ्चसत्ताका दारूपानीका जर्किन रित्तिइरहेका छन्, मण्डले र कमाण्डोहरू आफ्ना ख्वामित्हरूबाट मालामाल बक्सिस थापिरहेका छन्। पञ्चायत गजप् खुशी छ, आफ्नो आयु लम्बिने कुरामा अब ऊ ढुक्क छ। अघिल्लो महिना, फागुन ३० गते, नरदेवीबाट निकाल्न खोजिएको बिरोध जुलुस शानदार बिफलतामा टुङ्गिएको छ। दमनकारीहरू झन् दङ्गदास छन्, दिग्विजयको मुद्रामा छन्। यस्तो लाग्छ, जनआन्दोलन एकाएक सगरमाथाको चुलीबाट शुरू भयो र बिस्तार-बिस्तारै ओरालो झरेर त्यो फेदीमा पछारिन पुग्यो। नेपाली इतिहसको धमिलो आकाशमा एउटा उदास प्रश्न झुण्डिएको छ – के नेपाली जनआन्दोलनको भाग्यमा सिसिफसको निस्सार कथाजस्तो अन्तहीन दुःखान्त मात्र लेखिएको छ? सडकहरू चकमन्न छन्, चारै दिशा मौन छन्, उदास छन्, निरूत्तर छन्।

जनआन्दोलनको यस निस्तेज पृष्ठभूमिमा साहित्यकार-कलाकारहरूका सामु एउटा ठूलो प्रश्न उठेको छ – आफूलाई समाजको अगुवा चेतनाका बाहक भन्न रूचाउने साहित्यकार-कलाकारहरूको जनआन्दोलनप्रति कुनै दायित्व हुँदैन? आफ्नो तीव्र संवेदना

शक्ति र सूक्ष्म अन्तर्दृष्टिले निदाएकालाई ब्यूँझाउने, ब्यूँझेकालाई दिशा र गतिको सन्देश दिने, छरपस्ट भएकालाई एकमुष्ट हुन प्रेरित गर्ने भूमिका निर्वाह गर्ने भनिएका साहित्यकार-कलाकारहरूको जनआन्दोलनप्रति कुनै कर्तव्य हुँदैन? सुखमा जो पनि जनताको साथी हुनसक्छ। दुःखमा जनतालाई साथ दिनु कलम, कुची र गलोकर्मीको वास्तविक परीक्षा होइन? प्रश्न बुझिन्छ, उत्तर सजिलो छैन। साहित्यकार-कलाकारहरूमा चिन्ता छ, मुक्तिको चाहना गर्ने जनआकांक्षा अक्करमा परेको देख्दा पिरोलो र हीन भावनाले तिनका पेट पोलेका छन्। हामीले गर्नसक्ने कुरा के हो त? सभा गर्न निषेध छ, जुलुस निकाल्न बन्देज छ। दुईचार जनाको झुण्ड बनाएर हिंड्नु पनि जोखिमपूर्ण छ। निरङ्कुश सत्ताका सुल्सुले सुराकीहरूले पलपल पिछा गर्छन्। सादा भेषका जासुसहरू शिकारी कुकुरको शैलीमा नाक सुँग्न थाल्छन्। यस्तो कठिन र कष्टकर अवस्थामा साहित्यकार-कलाकारले खै के गर्न सक्छन् र? शब्द निरूपाय छ, कलम दमित छ। कलम, कुची र गलोकर्मीहरू मानौं अस्त्रविहीन छन्, घनघोर छट्पटीमा छन्।

यो बडो रमाइलो कुरा हो, समान उद्देश्यमा लागिपरेकाहरू जो जहाँ उभिएका भए पनि संकटका घडीहरूमा प्रायः उस्तैउस्तै किसिमले सोच्छन्। पछि फर्केर हेर्दा अहिले म संकटमा अल्झेको जनआन्दोनमा ज्यान भर्न विभिन्न कुनामा चिन्ता छाएको देख्नसक्छु। छट्पटिंदै उपाय खोज्ने चेष्टा भइरहेका पर्दाभित्रका दृश्यहरूबारे म अहिले केही बताउन सक्छु। वाम मोर्चाको उपत्यका कावाई समितिले साहित्यकार-कलाकर्मीहरूसित सम्पर्क-संसर्ग बढाउने र राज्यहिंसा र आतङ्क विरूद्ध सो क्षेत्रबाट उठ्नु पर्ने सामूहिक आवाजलाई संयोजित गर्ने समेतको जिम्मा हरिगोबिन्द लुइँटेल र गिरिराजमणि पोखरेललाई दिएको छ। यस विषयमा चिन्ता वितरण गर्न र उपायको खोजी गर्न हरिगोबिन्द लुइँटेलले मोदनाथ प्रश्रितलाई उहाँको भूमिगत गुफामा भेट्नु भएछ। म लख काट्छु, सके उता नेपाली कांग्रेसका साहित्य-कला क्षेत्रका त्यसबेलाका सडक-नायक अशेष मल्ल पनि यस्तै चिन्तासाथ यस्तै चेष्टामा कतै कुदिरहनु भएको हुँदो हो। अनि नाट्यकर्मी सुनिल पोखेलहरू.....? सूचना संचार हुने सारा निकासहरूमा सत्ताका भोटे कुकर बाँधिएका छन्। यी गतिविधिहरूबारे हामी बाहिरफेरकालाई थाहा हुन बाँकी नै छ। यस्तैमा एक दिन मुरारी अर्यालले मसँग खुसुक्क भन्नुभयो – के साहित्यकार-कलाकारहरूले आ-आफ्ना संस्थाका झण्डा बोकेर कतै कुनै डबलीमा विरोधमा उत्रिन सम्भव छैन? अभिव्यक्ति स्वतन्त्रतामाथिको फासीवादी दमन विरूद्ध ब्यानर बोकेर वा मौन जुलुस निकालेर वा विरोध गोष्ठी गरेर वा मुखमा काला पट्टी बाँधेर? अथवा....? सुषुप्त जनआन्दोलनका निम्ति यस कार्यको कुनै अर्थ हुनसक्छ? यसमा भिन्नभिन्न जीवनदृष्टि भएका स्वतन्त्रताप्रेमी साहित्यकार-कलाकारहरूमाझ एक मतो हुनसक्छ? के यसको संयोजन गर्न सकिन्छ? निधारमा मुजा पार्दै सम्भावनाहरूबारे सोचियो। र, गहिरो गरी गमेर ल्याउँदा हामीलाई लाग्यो – यो कार्य

सामयिक हुनेछ, सार्थक हुनेछ र लागिपरेको खण्डमा सम्भव पनि हुनेछ। केही अन्तरङ्ग मित्रहरूमाझ यस सम्बन्धमा विचार आदान-प्रदान भयो – पारिजात, मोदनाथ प्रश्रित, शक्ति लम्साल, आनन्ददेव भट्ट, निनु चापागाईं, रूद्र खरेल, डा. महेश मास्के, हरिगोबिन्द लुइँटेल, आदि। सहजै हाम्रो मतो मिल्यो पनि – सोचाइ ठीक हो, यसलाई साकार रूप दिन सकिन्छ, दिनुपर्छ, दिइन्छ। सहमतिमा सहमति थपिँदै थियो, उत्साह र उमङ्ग हलक्कै बढेर गयो।

पुर्खाले आफ्ना अनुभवको सार खिचेर हामीलाई अर्ती दिएका छन् – साथी धेरै भए उकालो काट्न सजिलो हुन्छ। जनआन्दोलनको उकालो काट्न वाम लेखक-कलाकार र काङ लेखक-कलाकारले हातमा हात, काँधमा काँध मिलाउनु पर्ने चुनौतीपूर्ण घडी आएको छ। बीचका नाउँ चलेका र शिर नढलेका साहित्यकार-कलाकारहरूसित संकष्टको क्षणमा हारगुहार माग्नु छ। तर भन्न जति सजिलो छ गर्न त्यति नै गाह्रो छ। हलचल गर्न, सम्पर्क राख्न र सम्वाद गर्न सजिलो छैन। यस प्रयत्नको क्रममा कोही पनि कुनै पनि बेला पक्राउ पर्न के बेर? ठूलो सास फेर्नु हुँदैन, जासुसहरू कान ठाड्ठाडा पार्न थालिहाल्छन्। बाम र काङ लेखकहरूमाझ इतिहासदेखिको आपसी अविश्वास छ, असमझदारी छ, दूरी छ, आपसी दुर्भाव समेत छ। झोक्राइरहेको जनआन्दोलनमा आशा र क्रियाशीलताको उर्जा भर्नुपर्ने दायित्व गम्भीर हाँकका रूपमा हामी दुबैथरि सामु छ। समयको हाँकको सामना गर्न दुबै थरिमाझ गम्भीर विश्वास र ऐक्यबद्धताको खाँचो छ। तर इतिहासले खडा गरेका आपसी आशङ्काका सातपत्रे पहरा पन्छाउने कसरी? यता पनि र उता पनि मनमा आशङ्का छ – एकले अर्कालाई कतै खाडलमा लगेर जाक्ने पो हो कि? तयारी थाल्दा नथाल्दै कमाण्डो नायकछेउ कसैले सुटुक्क झोसपोल गरिदियो भने? वामहरूले चर्का कुरा गरेर बिताउलान् कि भन्ने डर काङहरूलाई छ। काङहरूले बीचैमा खुट्टा कमाएर भड्खारामा जाक्लान् कि भन्ने डर वामहरूलाई छ।

एकाध दिनपछि मुरारी अर्याल, महेश मास्के, हरिगोबिन्द लुइँटेल र मेरो सल्लाह भयो – व्यक्तिव्यक्तिसँग सम्पर्क राख्न सम्भव छैन। तसर्थ संस्थाहरू र प्रभावकारी व्यक्तिहरू मार्फत् व्यक्ति साहित्यकार-कलाकारहरूसम्म हार गुहारका लागि हात फैलाउनु पो किफायती, छिटो र कम जोखिमयुक्त शैली हुँदो हो कि? यसै आशय अनुसार मोदनाथ प्रश्रितसँग फेरि सम्पर्क राखियो। *आरोहण* नाट्य संस्थाका अगुवा सुनिल पोखेलसँग भेटघाट गरियो। सम्पर्कको मेलोमेसो बढ्दै जाँदा वाशु शशी, अशेष मल्ल, हरि अधिकारी र राजेश ढुङ्गानाका कान-कानसम्म कुरा पुऱ्याइयो। अनि एक दिन मुरारी अर्यालको चाबहिलस्थित घरको भूइँ तलामा आशंका र कुत्कुतीको वातावरणमा एउटा सानो जमघट भयो। जमघटमा वाशु शशी, आनन्ददेव भट्ट, मदनकृष्ण–हरिवंश समेतको उपस्थिति थियो। केही न केही गर्ने भन्ने विषयमा सहमति भयो। तर के गर्ने र कसरी गर्ने भन्ने विषयमा दुविधा बाँकी नै रहयो।

अहिले म सम्भन्छु, आठ-दश जनाबीचको दोस्रो भेटघाटमा मुरारी अर्यालकै घरमा छलफल चलिरहेछ। बोलीमा हँस्यौली मिसाएर मदनकृष्ण भन्नुहुन्छ – जङ्गीजङ्गी ढाल खोज्नुपर्छ, ढाल। कपाल फुलेका, नाउँ चलेका, भाउ भएका बूढाहरूलाई अघि लाउनु पर्छ। हामीजस्ता केटा मात्र उत्रिने हो भने करङ् भाँचिन्छन्, करङ्। मदनकृष्णको विनोदी उद्गारमा सबैका चित्तको गूढ आशय झल्केजस्तो लाग्छ। अनि गतिलो ढाल जुटाउन युद्धप्रसाद मिश्र, पारिजात, केदारमान व्यथित, कृष्णचन्द्रसिंह प्रधान, कमल दीक्षित, सत्यमोहन जोशी, गोबिन्दप्रसाद लोहनी, मोहन कोइराला, डाइमन शमशेर, रमेश विकल, भुवनलाल प्रधान, शक्ति लम्साल, दुर्गालाल श्रेष्ठ आदिसँग हारगुहार माग्ने अठोट गरियो। अठोट बमोजिम आनन्ददेव भट्टले अरू केही लेखककासाथ व्यथितलाई भेट्नु भयो। साथमा शायद रमेश विकल, अभि सुवेदी पनि हुनुहुन्थ्यो क्यार। व्यथितले भन्नुभएछ – म राजसभाको सदस्य। सरकारको विरोधमा सडकमा उत्रिन मलाई मेरो पदीय मर्यादाले दिंदैन। कुराकानीपछि एउटा वक्तव्य जारी गर्ने सहमति भएछ र त्यो जारी भयो पनि। बडो रोचक कुरा छ, आनन्ददेव भट्टले खेस्रा तयार पारेको र व्यथितले छँटनी, कटनी र फँडनी गरी जारी गरेको त्यो वक्तव्य सडकमा उत्रिन सुरिएका तातो मानसिकता भएका लेखक-कलाकारहरूलाई पञ्चले राजा समक्ष चढाएको बिन्तीपत्र जस्तो लाग्यो – नागरिकको मानव अधिकार हनन भयो प्रभु, जनी गरेर मानव अधिकारको जोगाउ गरिपाऊँ भने जस्तो! संघर्षमा डट्न तत्पर रहेका स्वाभिमानी साहित्यकार-कलाकारहरू रूष्ट भए – यस्ता बेलाको त्यस्तो पानीआन्द्रे वक्तव्य लेखक-कलाकारको कायरता र हीनताको प्रतीक हो! लेखक-कलाकारको स्वतन्त्र विवेकमाथिको ठाडो उपहास हो त्यो! लेखक-कलाकारहरूको जोश र रोषलाई मत्थर पार्न जारी गरिएको त्यस वक्तव्यको नतिजा उल्टो भयो – लेखक-कलाकारहरूमा उत्तेजना थपियो, रोष उर्लियो र सडकमा ओर्लेर राज्य हिंसा र अभिव्यक्तिमाथिको दमनको विरोध गरेरै छाड्ने अन्तिम निर्णय भयो।

नाउँ चलेका र कपाल फुलेका लेखकहरूलाई आ-आफ्नो पहुँच अनुसार भेट्ने र बिन्ती बिछ्याउने क्रम जोडतोडकासाथ चल्यो। आनन्ददेव भट्ट, अशेष मल्ल र मह जोडीको लम्बे अभियान शुरू भयो। उहाँहरू एकै दिनमा कमलमणि दीक्षित, कृष्णचन्द्रसिंह प्रधान, फणीन्द्रराज खेताला, ध्रुवचन्द्र गौतम, सत्यमोहन जोशी, डायमन शमशेर, गोबिन्दप्रसाद लोहनी, भुवनलाल प्रधान आदिकहाँ पुग्नुभयो। दौडाहा दलका सदस्यहरूको भनाइ अनुसार पहिलो पटकको भेटघाट उति उत्साहबर्द्धक भएन। एकाध लेखक बाहेक अरूको प्रत्युत्तरमा उदासीनता जस्तो, दुबिधा जस्तो, डरडर जस्तो कुनै भावना झल्क्यो। तर दोस्रो पटकको भेट क्रियाशील ऐक्यबद्धताको उल्लासले भरिपूर्ण हुनगयो। विशेष गरेर कमलमणि दीक्षित, ध्रुवचन्द्र गौतम, सत्यमोहन जोशी र कृष्णचन्द्रसिंह प्रधान आदिको स्वीकृति र समर्थनले कालो पट्टी पर्वका संयोजक सिपाहीहरूको हौसला तीन बित्ता माथि उकासिदियो। उता राजेन्द्र सुवेदी, मुरारी अर्याल,

हरिगोबिन्द लुइँटेल र वासुदेव अधिकारीले युद्धप्रसाद मिश्रलाई भेट्नु भयो। डाँडाको जून हुनुभएका मिश्र अस्वस्थ र धेरै दुर्बल हुनुहुन्थ्यो। तर उहाँले यति उल्लासकासाथ मन्जूरी दिनुभयो मानौं उहाँको मुखबाट एउटा पच्चीस वर्षे पट्ठो बोलिरहेछ। उहाँले औषधिका चक्की खल्तीमा बोकेर कालो पट्टीको संग्राममा जाने र नगई नछाड्ने कुरा सुनाउनु भयो र उहाँलाई राजेन्द्र सुवेदी र वासुदेव अधिकारीले पट्टी स्थलमा पुऱ्याउने सल्लाह भयो। त्यसैबीच कुनै एउटा छापाले कमल दीक्षितको अगुवाइमा लेखकहरू सडकमा उत्रिने भन्ने अड्कले समाचार छाप्न पनि भ्याइहाल्यो। एक कान दुई कान मैदान हुँदै साहित्यकार-कलाकारहरूको वक्तव्य र विरोधको खबर बी.बी.सी. नाम गरेको ब्रिटिश ढ्वाङसम्म पुग्यो। व्यथितजीका हातबाट तेजोबध गरिएको वक्तव्य आफैमा अति लुरे भए तापनि त्यसको अन्तर्राष्ट्रिय प्रचारले लेखक-कलाकारहरूको मनोबल उकास्न निकै नै सघायो।

वक्तव्यको सम्झना गर्दा अहिले मलाई एकजना शूरवीर लेखकको फिर्ती पाइलोको रोमाञ्चक याद आउँछ। यज्ञनिधि दाहालले पहिले सुरिएर वक्तव्यमा सहीछाप धस्काउनु भएको थियो। पछि के डोठ्याङ परेछ कुन्नि अर्को वक्तव्य ठेलेर उहाँले आफ्नो सहीछापलाई बदर गर्नुभयो। सोझो मान्छे म, टाठाबाठाको बहकाउमा परेंछु भन्ने खालको उहाँको वक्तव्य साहित्य र कलाको संसारमा बडो मनोरञ्जक मसला बन्यो। त्यस खालको सुऱ्याइँ देखाउने पहिलो र अन्तिम लेखक श्री दाहाल एक्लै हुनुभयो। त्यसैले उहाँको एकल कीर्तिगाथा नेपाली साहित्यको आकाशमा अजर-अमर हुनेभयो।

विरोध प्रदर्शन गर्ने दिन तय भयो। सम्पर्क र प्रचार कार्यको जिम्मा बाँडियो। वरिष्ट र सुविख्यात लेखकहरूबाट सहभागिता दिने उत्साहवर्धक वचनहरू बढेर गए। बयोबृद्ध कवि युद्धप्रसाद मिश्र, पारिजात, कृष्णचन्दसिंह प्रधान, आनन्ददेव भट्ट, रमेश विकल, वाशु शशी, डायमन शमशेर, सत्यमोहन जोशी, भुवनलाल प्रधान, कमलमणि दीक्षित, गोबिन्दप्रसाद लोहनी, दुर्गालाल श्रेष्ठ, शक्ति लम्साल, मोहन कोइराला, ध्रुवचन्द्र गौतम, निनु चापागाईं, रूद्र खरेल, रामेश, रायन, कृष्णसेन इच्छुक, गंगाप्रसाद उप्रेती....। यसरी मदनकृष्णले भन्नुभए जस्ता दरादरा ढालहरूको लस्कर हाम्रा आँखा अगाडि खडा भयो। कालो पट्टी पर्वका हामी सिपाहीहरू फुरूङ्ग पऱ्यौं, ढुक्क भयौं। तर गर्दैभन्दै जाँदा सबै ढाल उत्तिकै भरपर्दा र उत्तिकै दरिला भने ठहरिएनन्। कुनैकुनै ढाललाई त संघर्षको मैदानसम्म पुऱ्याउन तिनका दुई पाखुरा काँध थापेरै टुकुटुकु डोऱ्याउनु पऱ्यो। नम्र निवेदन र नैतिक दबाबको अस्त्र प्रयोग गरी कतिपयलाई त उठाउनु पऱ्यो, घिसार्नु पऱ्यो, बोक्नु पऱ्यो। यस काममा हरि अधिकारी, अशेष मल्ल, महेश मास्के, मुरारी अर्याल, हरिगोबिन्द लुइँटेल, सुनिल पोखेल, गोबिन्द वर्तमान र राजेश ढुङ्गानाहरूको सचेत र कष्टसाध्य प्रयासको इतिहासले मनग्ये सराहना गरेको हुनुपर्छ भनी म कल्पना गर्छु। कालो पट्टी पर्वको दुई दिन अघि होला, हरि अधिकारी र गोविन्द वर्तमान मोहन कोइरालाकहाँ जानुभयो। कोइरालामा दुविधा थियो, संकोच थियो। भन्नुभयो,

शब्दको माध्यमले हामी आन्दोलनमा यसै उपस्थित छँदैछौं, यति कडा कदममा किन हाम्फालिहाल्ने र? लामो बहस र विवादपछि, मुलायम आग्रह र कठोर दबाबपछि कोइरालाले सकार्नु भयो – ठीक छ, कृष्णचन्द्रजीले पनि सहभागिता दिने हो भने म पनि दिने भएँ लौ।

जोडतोडकासाथ तयारीको रेस चलिरहेछ। तयारी केन्द्रहरू चारवटा छन्। मुरारी अर्यालको चाबहिलको घर तयारीको देखिने सदरमुकाम जस्तो छ। तर अर्को तयारी केन्द्र पारिजातकहाँ छ। अझ अर्को मोदनाथ प्रश्रितकहाँ, र अझ अर्को अशेष मल्लकहाँ। मह जोडी पनि अड्डा बिनाको अड्डाका स्वामी भएर कन्दनी कसेर कुदिरहनु भएको छ। उहाँहरूलाई शासक घरानाका चारै दिशाबाट दबाब आइरहेछ –खबर्दार, कालो पट्टीमा सहभागिता नदिनू। यो अराष्ट्रिय तत्वहरूको आन्दोलन हो। प्रजातन्त्र-स्वजातन्त्र केही आउनेवाला छैन। तर मह जोडी दबाबकारीहरूलाई महमय भाषामा जिल्ल्याउँदै आफ्नो यात्रामा अटल हुनुहुन्छ। यसबीच हल्कारा साहित्यकार र कलाकर्मीहरू मनको पुलिन्दामा आन्दोलनको सन्देश बोकेर आ-आफ्नो गतिमा चारै दिशामा कुदिरहेछन्। हरिगोबिन्द लुइँटेल र वासुदेव अधिकारी फेरि युद्धप्रसाद मिश्रको गुँडतिर कुद्नु हुन्छ। फेरि मोदनाथ प्रश्रित लुक्नु भएको भूमिगत गुफातिर हेलिनु हुन्छ। *आरोहण*का सुनिल पोखेल र *सर्वनाम*का अशेष मल्ल, *राजस*का रामेश र *इसास*का रायन, *अनाम नाट्य मञ्च*का नारायण पुरी र अरूहरू नाट्यकर्मी र गायनकर्मीहरूलाई हल्लाउन र गल लाउनमा तल्लीन हुनुहुन्छ। धेरैजसो वरिष्ट साहित्यकारहरूले साथमा साथ, हातमा हात दिने वचन दिदां लेखकीय समरका सिपाहीहरूमा अदम्य प्रेरणा र आँटको ओइरो लागिरहेछ। यो बडो चाखलाग्दो कुरा हो, हजार बिन्तीभाउ गर्दा पनि केदारमान व्यथितलाई भने राजसभाको सदस्यको लाभदायक मर्यादाले सरकारको विरोध जस्तो अमर्यादित कार्यमा हात हाल्न दिंदै दिएन।

मौन विरोध जनाउने थलो नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको प्राङ्गण रोजियो। हामीलाई लाग्यो, यसको प्रतीकात्मक अर्थ हुनेछ र मौकामा प्रज्ञा प्रतिष्ठानको 'प्रज्ञा'को अस्सली चरीत्रको परीक्षा पनि हुनेछ। तिनले सुइको नपाउने कुरै थिएन, प्रज्ञा प्रतिष्ठानका मठाधीशहरू कालो पट्टी पर्वको आयोजना गरिने कुरा सुन्दैमा आफूले भोगचलन गरिआएको आरामदायी कुर्सी हल्लिएर थुर्थुर काम्न थाले। कार्यक्रम हुनुभन्दा तीन दिन अघिदेखि नै प्रतिष्ठानमा पस्ने मूल द्वारहरूमा भोटे ताल्चा झुण्डिए। दायाँबायाँ कमाण्डो भाइहरू तैनाथ गरिए। प्रतिष्ठानका कर्मचारीहरूले भित्र पस्न कमाण्डो भाइहरूलाई पास देखाउनु पर्ने कडिकडाउ व्यवस्था गरियो। साँचो हो कि होइन थाहा छैन, अशोक शर्मा भन्ने कुनै व्यक्तिको नेतृत्वमा कमाण्डो टुकडी प्रज्ञा प्रतिष्ठानको परिसरभित्र कतै ट्याक्सी लिएर तम्तयार अवस्थामा राखिएको थियो रे। र, यो कुरा पनि सुन्नमा आयो, आन्दोलनकारी साहित्यकार-कलाकारहरूले भित्र पस्न जिरह गरे भने तिनका खुट्टा भाँच्ने आदेश टुकडी कमाण्डरले पाएका थियो रे। यस मुलुकको

स्वतन्त्रताप्रेमी प्रज्ञा र विवेक विरूद्ध कमाण्डोहरूलाई नाकानाकामा तैनाथ गरी प्रतिष्ठानको गद्दीमा कुलपति माधवप्रसाद घिमिरे ढसमस्स बिराजमान हुनु भएको थियो। श्रीमान् कुलपति घिमिरेलाई पञ्चायती सत्ताको अखण्ड ताबेदारी गर्दाका ती काला दिनहरूमा गर्वको अनुभूति भयो होला कि ग्लानिको अनुभूति भयो होला भन्न गारो छ। पद, प्रतिष्ठा र पैसाको लोभले घिमिरेले आफूलाई कविता-नायकबाट कमाण्डो नायकमा पतीत गराउन खोज्नु भएको देख्दा हामी राज्य हिंसा विरोधी र अभिव्यक्ति स्वतन्त्रताका पक्षधरहरूलाई भने तीन मुरी लाज लाग्यो।

कालो पट्टी पर्वका दुई जङ्गी फिल्ड मार्शल हुनुहुन्छ हरिगोबिन्द लुइँटेल र सुनिल पोखेल। कुमारी सिनेमा हलको बाटो गरी कमलादी रोडमा निस्किने नाकानेर कतै भित्तामा टाँसिएर उहाँहरूले वातावरणको गन्ध सुँग्नुभयो। ठाउँठाउँमा प्रहरी भ्यान तैनाथ गरिएका थिए। वातावरणको चियो गरिसकेपछि फिल्ड मार्शल टोलीले प्रज्ञा परिसरको सट्टा त्रिचन्द्र क्याम्पसको हाताभित्र पलेंटी कस्नुपर्ने ठहर गऱ्यो र सुल्सुले झैं चारचौरास चहार्दै सोही बमोजिमको सन्देश आफ्ना पल्टनहरूछेउ जारी गऱ्यो। म गम्छु, कालो पट्टी संग्रामको उपयुक्त थलो ठम्याउने क्रममा अशेष मल्ल, हरि अधिकारी र राजेश ढुङ्गाना कुमारी हल, पद्मकन्या क्याम्पस, त्रिचन्द्र क्याम्पस र प्रज्ञा भवनको सेरोफेरोमा कतै कमाण्डो जासुसको दमनकारी जासुसी विरूद्ध पट्टीकर्मीहरूको पक्षमा जासुसी गर्नमा मगनमस्त रहेका हुनुपर्छ। यता हरिगोबिन्द र सुनिल पोखेलको कमाण्ड दृढ अठोट गर्छ – केहीकथम् त्रिचन्द्र कलेजमा पनि पस्न नपाए रत्नपार्कको पेटीमा पलेंटी कसेर सके धेरैजनाले नसके पाँचैजनाले भए पनि कालो पट्टी बाँधेरै छाडिने छ, विरोधको मौन आवाज प्रकट गरेरै छाडिने छ। र, सोही अनुसार व्यूहरचना गर्ने कार्य पनि भइसकेको छ। र, जजसका कानमा पुऱ्याउन सम्भव छ, कालो पट्टीका पल्टनहरूछेउ सोही अनुसारको गोप्य उर्दी जारी गर्ने चेष्टा समेत पनि भएको छ।

पूर्व निर्धारित कार्यक्रम अनुसार चैत ३ गते ठीक २ बजे त्रिचन्द्र क्याम्पसको परिसरभित्र पञ्चायती नादिरशाहीको निषेध आज्ञालाई हाक्काहाक्की हाँक दिदै साहित्यकार-कलाकारहरूको विशाल जमघट जुट्यो। प्रज्ञा प्रतिष्ठानको डबलीमा पस्न नपाए त्रिचन्द्र क्याम्पसको भलिबल मैदानमा पलेंटी कसेर बस्नुपर्ला भन्ने आयोजक टोलीका रणक्षेत्रका अगुवा सिपाहीहरूको सोचाइ थियो। तर कमलमणि दीक्षितले सुझाउनु भयो – जब बस्नै छ त मूल द्वारभित्र सरस्वती सदन सामुन्ने नै किन नबस्ने? सडकमा हिंड्ने र गुड्ने नागरिकहरूका नजरबाट ओझेल पर्ने गरी छेउकुनामा छेकिएर किन बस्ने? आठ-दश मिनेटको बीचमा जुट्ने क्रम पूरा भयो। *अभिव्यक्तिमाथिको दमन र जनहत्या विरूद्ध कलाकर्मीहरू* भन्ने ब्यानर हाम्रो उद्देश्यको चिनारी दिंदै हावामा फहरायो। हामी दुईको सल्लाह अनुसार रघु पन्तले कार्यक्रमको उद्देश्य, विरोधको शैली, विरोधको समयावधि र विरोधकर्मीहरूको मर्यादाको घेरोबारे एकाध मिनेट बोल्नुभयो। त्यसको लगत्तै सुनिल पोखेल र *आरोहण परिवार*का

सदस्यहरूले फटाफट् कालो पट्टी बाँड्नु भयो। हरिगोबिन्दहरूले पनि जगेडा काला पट्टी जुटाउनु भएको थियो। पलभरमै सबैका आसन जमे। सबभन्दा अगाडि मूलद्वारको सोझो भित्र पारिजात मूढामा बस्नुभयो, पारिजातको छेवैमा युद्धप्रसाद मिश्र। त्यसपछिको लहरमा कृष्णचन्द्र सिंह प्रधान, कमलमणि दीक्षित, भुवनलाल प्रधान, आनन्ददेव भट्ट, गोबिन्दप्रसाद लोहनी, मोहन कोइराला, डायमन शमशेर, सत्यमोहन जोशी, शक्ति लम्साल, दुर्गालाल श्रेष्ठ, ध्रुवचन्द्र गौतम, अशेष मल्ल, हरि अधिकारी, विष्णुविभु घिमिरे, राजेश ढुङ्गाना आदि। सोही लहरमा होला, महिला कलमकर्मी सेनानीहरूको मोर्चा खडा भयो – अन्जु दीक्षित, बेन्जु शर्मा, शारदा शर्मा, अरूणा उप्रेती, कुन्द टण्डन, सुम्निमा तुलाधर आदि। सके त्यसपछिको लहरमा हुनुहुन्थ्यो निनु चापागाईं, रूद्र खरेल, गंगाप्रसाद उप्रेती, रामेश, रायन, महेश मास्के, मल्ल के. सुन्दर, इस्माली, हरिगोबिन्द लुइँटेल, गोबिन्द वर्तमान, अच्यूतरमण अधिकारी, राजेश गौतम, राजभाइ जकःमीः, रघु पन्त, मुरारी अर्याल, सुनिल पोखेल, मणि थापा, कृष्णसेन इच्छुक, शार्दूल भट्टराई, कुन्दन अर्याल, पूर्ण विराम, त्रिरत्न शाक्य, वासुदेव अधिकारी, ललिजन रावल, राजकुमार के.सी. ...। अगाडि पारिपट्टि सडकको भित्तोमा प्रहरीको विशाल ट्रक अडियो। वातावरणको आतङ्कको सन्देश तरङ्गित भयो। प्रहरीहरूको क्रूद्ध झुप्पो प्रहार गरिहाल्ने खालको मुद्रामा सडकको पेटीभरि झुप्पाझुप्पा भएर उभियो। देशका धेरैजसो वरिष्ट र स्वतन्त्रताप्रेमी साहित्यकार-कलाकारहरूको सहभागिता भएको शान्तिपूर्ण र मर्यादित विरोध भेला थियो त्यो। तर घोर असिहष्णुता र चाकरी-चापलुसीको पुत्ला भइखाएको प्रज्ञा प्रतिष्ठानको प्राङ्गणभित्र राष्ट्रको स्वतन्त्र विवेक र प्रज्ञालाई छिर्न निषेध गरियो। यसलाई रोचक बिडम्बना नै भन्नुपर्ला, साहित्यकार-कलाकारहरूलाई पस्न निषेध गरिएको त्यस पवित्र प्राङ्गणमा कुकुरहरूलाई भने फुक्काफल पस्न दिइएको थियो। जुन बेला मुलुकका उन्नत, संवेदनशील र रचनाशील मस्तिष्कहरू सरस्वती सदन अगाडि विरोधको साहसिक मुद्रामा डटेका थिए, ठीक त्यही बेला सत्ताको नूनको सोझो गर्ने सोझा कुलपति घिमिरे साहेप्को प्रतिष्ठानको प्राङ्गणमा कुकुरहरू स्वच्छन्द मैथुनक्रीडा गरिरहेका थिए। मानौं पञ्चायती प्रज्ञा प्रतिष्ठानका दृष्टिमा कुकुरहरू पवित्र र पूज्य हुन् र स्वतन्त्र चेतनाका संवाहक साहित्यकार तथा कलाकर्मीहरू अपवित्र र त्याज्य हुन्।

कालो पट्टीकर्मीहरूका जस्तै कालो पट्टीका पनि आफ्नै कथा छन् र कथाभित्र त्यसका आफ्नै निसासलाग्दा व्यथा पनि छन्। कालो पट्टीको जोहो गर्ने जिम्मा हरिगोबिन्द लुइँटेल र सुनिल पोखेलले लिनु भएको थियो। हरिगोबिन्द र शिवप्रसाद गौतम कालो पट्टीको कपडा किन्न पसलमा पस्नुभयो। पसलेका चित्तमा कुनै आशङ्का नउठोस् र भित्तामा लुकेर बसेका हुनसक्ने जासुसका आँखा छल्न सकियोस् भनेर उहाँहरूले आफ्नै खालको चतुऱ्याइँ गर्नुभयो – कालो कपडासँगै सेतो कपडा पनि

किन्नुभयो। उता सुनिल पोखेल र नारायण पुरीले फ्रेन्च कन्चरल सेन्टरको एक कुनामा लुकेर काला पट्टीका लागि कपडा ध्वाध्वार च्यात्नुभयो।

कालोपट्टीको आसन जम्न थाल्दा नथाल्दै कतै ट्राभल एजेन्सीमा काम गर्ने एकजना शुभचिन्तक असिन र पसिन गर्दै दौडेर आयो। मह जोडीका कानमा उसले खुसुक्क साउती गऱ्यो – पुलिसको वाकीटकीको सम्वाद सुनेको, मह जोडीलाई हूलबाट छुट्याएर जसरी भए पुलिस क्लबमा ल्याउने आदेश भइरहेछ। मह जोडीले शुभचिन्तकसित भन्नुभयो – यत्रा ठूलाठूलालाई घरघरै चहारेर, बटुलेर यहाँ भुङ्रामा पारेर हामी आफू चाहिं लुसक्क भाग्ने? असम्भव! कुटे कुटोस्, मारे मारोस्, अब हातखुट्टा छाड्ने कुरै छैन!...

विरोधको आसन शुरू भएको बल्ल बीस मिनेट जति बितेको छ। लाठी, बूट र गोलीको सहाराले विवेक र न्यायको आवाजलाई कुल्चिन बानी परेको खूनी पञ्चायतका नाइके जल्लादहरू कतै टावरमा बसेर आतङ्कित मुद्रामा आदेश दिइरहेका हुँदा हुन्। चरम् उत्तेजित र आक्रामक मुद्रामा दङ्गा प्रहरीहरू हातहातमा लाठा र बन्दुक बोकेर सरस्वती सदनको मूल द्वारमा फुप्पोफुप्पो भएर उभिए। कालको मुखाट एकाएक सिठी बज्यो। दङ्गा कमाण्डरले चर्को डाकोमा 'घेर्, जम्मैलाई घेर्' भन्दै आफ्ना केटाहरूछेउ आदेश जारी गऱ्यो। एकजना बन्दुके भाइले वायु वेगमा घुँडा मारेर राइफल ताक्यो। यो पनि रोचक कुरा नै हो, त्यो राइफल सोझै युद्धप्रसाद मिश्र र पारिजातका छातीतिर ताकिएको थियो। प्रहरीको गोलो हानेको काण भई हुत्तिंदै, उन्मादी स्वरमा हल्ला गर्दै भित्र घुस्यो। पलभरमै हामी चेतनाकर्मीहरू प्रहरीका कटबाँसका लाठाको बारभित्र घेराबन्दीमा पऱ्यौं। पाखुरा-पाखुरामा समातेर बलात् उठाउँदै, घचेड्दै, पछाडिबाट लाठाले घोच्दै हामीलाई मूल द्वारतिर हुऱ्याइयो। मूल द्वार बाहिर पुग्नासाथ पारिपट्टि पेटीबाट उत्तेजना र आक्रोशको आवाज उठेको मैले सुनें। आँखा उठाएर हेर्दा मैले देखें, एउटी महिलालाई पुलिसले लतारेर पेटीमा पछारेको छ। कमलमणि दीक्षित र महेश मास्के प्रचण्ड आक्रोशसाथ विरोध बोलिरहनु भएको छ। सके दीक्षित अति उत्तेजित हुनुभएका मास्केको क्रोधलाई पत्थर पारिरहनु भएको छ। सोधनी-पुछनी गर्दा थाहा भयो, अञ्जु दीक्षितले पारि पेटीबाट ऐक्यबद्धताका आँखाले हेरिरहेकी महिला बटुवा ज्ञानु प्याकुऱ्याललाई हात हल्लाउनु भएछ। प्रत्युत्तरमा श्रीमती प्याकुऱ्यालको हात पनि साथ-समर्थनको भावमा हल्लिएछ। के निहुँ पाऊँ कनिका बुकाऊँ, मुस्तण्ड प्रहरी भाइहरूको क्रोध ती निर्दोष महिलामाथि खनिइहालेछ।

वरिष्ट र बयोवृद्ध कवि युद्धप्रसाद मिश्र र लोकप्रियताका धनी मह जोडीलाई प्रहरीले जीपमा राखेर चलान गऱ्यो। बाँकी सबैलाई लछारपछार पार्दै, घँचेट्दै र लाठाले घोच्दै गुन्द्रुक खाँदेझैं ट्रकमा खाँद्यो। केही युवाहरू ट्रकदेखि अलि पर पेटीमा उभिएर त्यो दृश्य हेरिरहेका थिए। जब ट्रक गुड्न थाल्यो, पवित्र क्रोधले उत्तेजित भएका युवाहरूले नारा लगाए – *फासिस्ट पञ्चायत व्यवस्था मुर्दावाद!* प्रहरीहरूले कटबाँसका

लाठाले दाग्दै युवाहरूलाई संस्कृत छात्रबासतिर लखेटे। सिमेन्टीका बोरा सरह खचाखच लादिएका साहित्यकार-कलाकारहरूको असीमित बोझ थेग्न नसकेर ढलपल-ढलपल गर्दै थोत्रो टाटा ट्रक वायु बेगमा सभागृहतिर हुइँकियो। हाम्रा विरोधकर्मी सिपाहीहरूमध्ये सबभन्दा अग्लो हुनुहुन्छ राजेन्द्र सलभ। आतेसका साथ हावाको गतिमा ट्रक कुदिरहेछ, सारसको जस्तो घिच्रो यताउता तन्काउँदै, दायाँबायाँ पेटीका दृश्य र कार्यकलापको बाजको चालले चियो गर्दै राजेन्द्र सलभ विनोद र व्यंग्य घोलिएको स्वरमा हामीलाई सुनाइरहनु भएको छ – ऊ पेटीमा सुधा त्रिपाठी र गोबिन्दगिरी प्रेरणा उभिएका छन्। प्रहरीको ट्रकमा भेडा-च्याङ्ग्राझैं कोचिएका आफ्ना सहधर्मी र सहकर्मीहरूको हबिगत देखेर मानौं ती प्रसन्न छन्, गद्‌गद् छन्। बुझ्नु भो, ती त उन्मुक्त मुद्रामा हाँसिरहेका पो छन्! ट्रक बेत्तोडसँग कुदिरहेछ, टिप्पणीकारको धाराप्रवाह टिप्पणी सुनेर हामी विरोधकर्मीहरू विचित्र मुद्रामा हाँसिरहेछौं।

ट्रकमा लादिएपछि खासखास-खुसखुस शुरू हुन्छ – खल्तीसल्तीमा भएका कागजातहरू, परिचयपत्र आदि के गर्ने? खासखुसे छलफलपछि हत्तपत्त निधो हुन्छ, नष्ट गर्ने। आ-आफ्ना खल्तीको अपरेशन शुरू हुन्छ। कणाद महर्षिका खल्तीमा जागिरे परिचयपत्र रहेछ। प्रश्न उठ्छ, त्यसलाई सुरक्षित राख्ने कि नष्ट गर्ने? पलभर यसो कि उसोको दुबिधा चल्छ र पलभरमै परिचयपत्र नष्ट हुन्छ। कोही कागजको डल्लो चपाइरहेछन्, कोही धुजाधुजा पार्दै कागजका टुक्रा हावामा बत्ताइरहेछन्। सबैजसो व्यस्त छन् – सबैमा हडबडी छ, आतुरी छ, चनाखोपना छ।

मानिसहरूको बोझ र आतङ्कमय कुदाइको तोडले ढलपल-ढलपल गर्दै, पल्टिनबाट रौं प्रमाणले मात्र जोगिंदै ट्रक महेन्द्र पुलिस क्लबभित्र पस्यो। एकाध मिनेट पुलिस क्लबभित्र अडिएपछि ट्रक फेरि उस्तै वहुलट्ठीपूर्ण गतिमा बाटो लाग्यो। हामीलाई सिंहदरबार अगाडिको गद्दीखानाको ट्राफिक प्रहरी अड्डाको एउटा विशाल कोठामा कोचियो। उदास मुद्रामा म अहिले सम्झन्छु, साहित्यकार-कलाकारहरूको त्यो विशाल जमघटको एक कुनामा एकजना चिन्तित युवक थिए। निर्ममतासाथ पिटिएका जस्ता, मानौं चिन्तासाथ थप पिटाइ पर्खिरहेका जस्ता! उनी सुवास देवकोटा थिए हुनन्। यता साहित्यकार-कलाकारहरू आफ्नो विशाल गोलोमाझ उन्मुक्त गफ गरिरहेका छन्, हाँसिरहेका छन्। उता सुवास त्रस्त मुद्रामा मानौं अर्को चरणको प्राणघातक यातनाको विभत्स प्रतीक्षामा छन्। त्यो विरोधाभाषी वातावरणमा मलाई लाग्यो, मेरा आत्माको अन्तरमा कतै पञ्चायती करौंटीले रेटिरहेछ। सुवास देवकोटा बाहेक त्यहाँ कालिदास पनि छन्। उनीहरू जनआन्दोलनको अर्कै सन्दर्भमा सके एकाध दिनअघि समातिएका थिए। र, सके समातिएको घडीदेखि नै प्रजातन्त्र नामको पञ्चायती नादिरशाहीको कठोर सास्तीको शिकार भएका थिए!

अलिबेरपछि तलामाथिको त्यस कोठामा महजोडीलाई पनि हूलको बीचमा ल्याइयो। हाम्रा रौसे र चटके भाइहरूलाई प्रहरी हाकिमले बडो खातिरदारी गर्दै गरम चाय

खिलाएछन्। र, चिया मार्फत् गुलियो चटाएर तत्काल बाटो लागिदिन बिन्तीभाउ पनि गरेछन्। तर जण्ड स्वभावका मह जोडीको जातै जब्बर। साथीभाइहरूलाई दूलामा छाडेर मरीगए बाटो नलाग्ने अड्डी लिएपछि प्रहरीले उहाँहरूलाई समूहमाझ ल्याएको रहेछ। मह जोडी आउँदा त्यहाँ जग्गेमा दुलही ल्याएझैं चहलपहल, हलचल, खासखुस र हाँसो शुरूभयो। त्यस हलमा अलिबेर खाँदिएपछि उमेरको क्रम अनुसार छिमल-छिमल गरी डाक्दै हामीलाई भूइँ तलाको घोडाको विशाल तबेलामा झारियो – पहिले सत्तरी माथिकालाई, त्यसपछि साठी माथिका, अनि पचास, अनि त्यसपछि चालीस...आदि इत्यादि। हामी विरोधकर्मीहरूको गोलोमा सबभन्दा बयोबृद्ध हुनुहुन्छ युद्धप्रसाद मिश्र, उमेर ८२ वर्ष, र सबभन्दा कलिलो उमेरकी हुनुहुन्छ सुम्निमा तुलाधर – सुपरिचित पद्मरत्न तुलाधरकी छोरी, उमेर १५ वर्ष। तर युद्धप्रसाद मिश्रलाई अहिलेसम्म भित्र प्रहरी अड्डामा कतै राखिएको छ। घोडाको तबेलामा खाँदिएपछि विरोधकर्मीहरू झुण्डझुण्ड भएर गोलो घेरामा बसी गफ गर्न थाले। युद्धप्रसादलाई माथि प्रहरीको अड्डामा कतै राखिएको थियो। तलको जमातको बीचमा हुनुहुन्छ कमलमणि दीक्षित, सिङ्गो जमातको आकर्षण केन्द्रजस्ता, अनुहारका राम्रा, बोलीका मीठा, चतुर र वाचाल, पक्राउ परेको गोलोका पाका अविभावक जस्ता। झुण्डझुण्डमा गुनगुन-गुनगुन कुरा चलिरहेछ, कान थाप्दै म यता र उता घुमिरहेंछु। रामेश र हरिगोबिन्दहरू बसेको गोलोनिर पुगेर म अडिन्छु र ध्यानपूर्वक कुरा सुन्छु। रामेश भन्दै हुनुहुन्छ – सरस्वती सदनतिर जानलाग्दा मञ्जुललाई रत्नपार्कमा भेटेको थिएँ। सोधें – मञ्जुल, तिमी कालो पट्टीमा नजाने? पेट लागेको छ, जरूरी काम छ भनेर मञ्जुलले आफ्नो बाटो ततायो। मुखले त अलिबेरमा आउँछु भन्थ्यो, तर किन आउँथ्यो? हरिगोबिन्दले हँस्यौली गर्दै भन्नुभयो – मञ्जुल दाइको जरूरी हाम्रो कालो पट्टीभन्दा अति जरूरी थियो होला नि त। बुझ्नु भो रामेश दाइ! मान्छे-मान्छेका रूचि फरक-फरक हुन्छन्, जरूरी पनि त फरक-फरक हुन्छन्। कसैलाई के को धन्दा, कसैलाई के को धन्दा, भाते घर ज्वाइँलाई आखिर खानकै धन्दा!

कतै ठट्टा-मजाकको अड्डा जमेको छ। कतै नरम खिसिट्यूरीको मेसो चलेको छ। अहिले अशेष मल्लको औंठी किस्साको उद्घाटन हुँदैछ। श्रोताहरूको हूल जमाएर अशेष मल्ल भन्दै हुनुहुन्छ – आज घरबाट निस्किंदा मलाई त मल्ल युद्धमै हिंडे जस्तो लाग्यो।

किन? कसैले कुत्कुती प्रकट गऱ्यो।

मल्ल उत्तर दिनुहुन्छ – श्रीमतीले भनिन्, त्यो औंठी फुकालेर जानोस्। उहाँ के होला कसो होला, कसलाई के थाहा! मल्लको बोलीमा हाँसोको रङ घोलिएकोछ – आखिर औंठी फुकालेरै बाटो लागें। गजप् छ बा, ठ्याक्कै मल्ल युद्धमा भिड्न निस्क्या जस्तो भो।

कसैले विनोदी बोलीमा मुलायम मार्काको व्यङ्ग्य सोझ्यायो – थरै त मल्ल छ। मण्डलेसितको मल्ल युद्धमा मल्ल ननिस्के के बाहुन निस्क्योस्त?

झुण्डझुण्डमा गुनगुन चलिरहेछ, यता र उता कान थाप्दै सुलसुले सरह म घुमिरहेछु। एउटा झुण्डमा साहित्यकारहरूका नामको सम्झना गरिंदैछ। कालो पट्टीमा को आयो, को आएन – गुन्द्रुक भएर को ट्रकमा कोचियो, पेटीमा उभिएर कसले आनन्दसाथ दृश्यावलोकन गऱ्यो – सारा कुराको सिन्को-पाड्ग्रो हिसाब-किताब हुँदैछ। ध्रुव सापकोटा र शैलेन्द्र साकार सरस्वती सदन अगाडि पेटी पारिबाटै कुलेलम्...., रमरम हाँसो मिसिएको स्वरमा कसैले भन्यो। अर्कोजनाले कुराको पोयो तन्कायो, जागिरे मान्छे रे ध्रुव सापकोटा र शैलेन्द्र साकार। त्यसकारण पेटीवारिसम्म आउन उहाँहरूलाई जागीरले अनुमति नदिएको रे। त्यसकारण बटुवालेझैं पट्टीवालहरूतिर यसो नजर फालेर उहाँहरू लुसुक्क बिदाबादी हुनुभएको रे। सुनेको कुरा खुरूक्क पत्याइहाल्न मलाई कसोकसो असहज लाग्छ। ध्रुवचन्द्र गौतम र ध्रुव सापकोटा चिम्टाका दुई खुट्टीजस्ता हित्तचित्त मिलेका परम् मित्र। ती सह-लेखनका पनि साथी, रसपानका पनि साथी। एउटा ध्रुब हाम्रामाझमा हुनुहुन्छ, अर्का ध्रुव कुलेलम्......। चिम्टाका दुई खुट्टीजस्ता ध्रुव र ध्रुव किन यसरी चिरा परेका होलान्, म गम्छु। सुन्दै जाँदा अर्को प्रसङ्ग कानमा थुरिन आइपुग्छ। शरद्चन्द्र वस्ती *गोर्खापत्र*तिरबाट आउनु भएको थियो रे सरस्वती सदनमा। पट्टीकर्मीमध्ये कसैले नम्र निवेदन गऱ्यो रे – वस्तीजी, आउनोस्, कालो पट्टीको पवित्र र उदात्त यज्ञमा यहाँलाई हार्दिक स्वागत छ। शरदचन्द्र वस्ती मुसुक्क हाँस्नु भो र लुसुक्क आफ्नो बाटो लाग्नु भो! आखिर कुण्डकुण्ड पानी मुण्डमुण्ड बुद्धिको कुरा न हो!

उता, सम्झीसम्झीकन नाम गन्ने क्रम चलिरहेकै छ। वासुदेव त्रिपाठी, मदनमणि दीक्षित, अभि सुवेदी, दयाराम श्रेष्ठ, देवीप्रसाद किसान, शारदारमण नेपाल, रामचन्द्र भट्टराई, नारायण ढकाल – कागजका टुक्राटाक्रीमा टिपिएका गयल पर्नेहरूका नाम गनेको म सुन्छु। उहाँहरू कतै व्यस्त पो हुनुहुन्थ्यो कि, कतै अस्वस्थ पो हुनुहुन्थ्यो कि, कसलाई थाहा ! कुरा चलिरहेकै छन्। नारायण गोपाललाई कालो पट्टी पर्वमा सहभागिता दिन निम्ता गर्दा भन्नुभएछ – यो कलाकारले गर्ने काम होइन। सन्तोष पन्तले आउँछु भनेर पारिजातसँग बाचा गर्नु भएछ। अनि गरेको बाचा भुसुक्कै बिर्सेर आनन्दसँग गयल पर्नु भएछ – गाइँगुइँ चलिरहेकैछ। अनि रमेश विकल....? रमेश विकलको नाम सुन्नासाथ मलाई कुत्कुती लागेर आउँछ। खै, रमेश दाइ? *प्रगतिशील लेखक संघ*को अध्यक्ष भनेर कतै आउँदा-आउँदै बाटैमा पक्राउ पो पर्नुभयो कि? कि कतै बिरामी....? कि बूढालाई विरोध प्रदर्शन गर्ने ठाउँको हेक्का नभएर अलमल पो पऱ्यो कि?

भोलिपल्ट चाबहिलमा रैथाने साहित्यकारहरूको एक झुण्डसँग मेरो जम्काभेट भयो। यसो सुन्छु, झुण्डमा कालो पट्टी पर्वकै प्रसङ्ग चलिरहेको छ। झुण्डका एकजना[२] गफाडी बाँकीहरूलाई सुनाइरहेका छन् – सुन्नुहुन्छ, विकल दाइ कालो पट्टी पर्वमा किन जानु भएन छ? किन रे? – कोही एकजनाले सोध्यो। मूल वाचक भन्दैगयो, विकल दाइले भन्नुभएको – मोबिल घोलेको पानीमा चोबलेर फुका तिघ्रा सिस्नाले डाम्ने खतरा थियो रे। बूढो ज्यानले कसरी धान्नसक्छ त्यत्रो बर्बर सास्ती? भन्ने र सुन्नेहरूमाझ हाँसोको लहर फुट्यो। हाँसोको लहरमाथि लहर खप्टियो। म भने हाँस्न सकिन। म अलिअलि गम्भीर भएँ, अलिअलि उदास भएँ। रमेश विकल *प्रगतिशील लेखक संघ*का अध्यक्ष। युद्धप्रसाद मिश्र जस्ता फुकिढल बूढा र पारिजात जस्ती शारीरिक रूपले असक्त लेखक समेत उल्लास र निर्भिकतासाथ कालो पट्टीमा हाजिर हुनुभयो। अध्यक्ष विकल चाहिं गयल हाजिर? यो गयल पराइ शोभनीय भयो कि अशोभनीय यसबारे मेरो भन्नु केही छैन। यस गयल पराइले *प्रगतिशील लेखक संघ*को प्रतिष्ठा बढायो कि यस संघका लेखक-कलाकारहरूका मनमा निरूत्साह र ग्लानि जगायो यसबारे पनि मेरो केही टिप्पणी छैन। मेरालागि त यस उद्‌गारमा प्रकट भएको मानसिकता र मनोविज्ञानको अलि अर्कै सन्दर्भमा ठूलो लाक्षणिक अर्थ छ। रमेश विकल नेपाली साहित्यका थोरै अग्ला जीवित लेखकहरूमध्येका एक अग्ला लेखक हुनुहुन्छ। त्यत्रो सार्वजनिक पहिचान, त्यत्रो प्रतिष्ठा र त्यत्रो सामाजिक महत्ता भएका लेखकको मानसिकता र मनोबलको त्यो स्तर, त्यो संकोच, त्यो दुविधा, त्यो भय, त्यो आतङ्क – पञ्चायती दमनतन्त्रको त्यो कति पारदर्शी प्रतिबिम्ब? जुद्ध शमशेर मार्काको ठालू प्रजातन्त्रको त्यो कति प्रखर अभिव्यक्ति? फासिस्ट पञ्चायत व्यवस्था भनेको के हो भनी कसैले सोधे यहाँनिर म भन्नेछु, त्यो भनेको त्यही संकोच, त्यही दुविधा, त्यही भय, त्यही आतङ्क र त्यही मानसिक ह्रासको जननी हो। स्वाभिमानी र स्वतन्त्रताप्रेमी साहित्यकार-कलाकारहरूको कालो पट्टी पर्व त्यसै दमनतन्त्र विरूद्धको एक सामूहिक र संगठित विरोध हो। तर बिडम्बना भनूँ कि अनिष्ट संयोग भनूँ, *प्रगतिशील लेखक संघ*को अध्यक्ष त्यस विरोध पर्वमा आरामसाथ गयल पऱ्यो।

घोडाको तबेलामा एक घण्टा बित्यो, अनि दुई घण्टा, अनि तीन घण्टा। बूढा र निम्छरा भनेर होला, युद्धप्रसाद मिश्रलाई अझसम्म पनि माथि प्रहरीको अड्डामै राखिएको थियो। केही समयपछि उहाँलाई पनि तबेलामा झारे। आउँदा-आउँदै हर्षविभोर भएर उहाँले भन्नुभएको मलाई याद छ, एक्लै बस्दाबस्दा मलाई त टिठ लागेर आयो। मान र सुबिस्ता मलाई चाहिंदैन, मैले भनें, मलाई मेरा साथीहरूको गोलोमा लग। युद्धप्रसादको अवाइसागै तबेलामा विचित्रको नयाँ उमङ्ग आयो। उहाँ तबेलाको ढोकामा झुल्किनु हुनासाथै उहाँको सिपाही गणले तालीको प्रचण्ड गड्‌गडाहटसाथ आफ्ना प्रधान सेनापतिको अभिवादन गऱ्यो। कत्रो सम्मानको अभिव्यत्ति थियो त्यो तालीको त्यो

२ ठाकुर चालिसे ।

गड्गडाहट ! उहाँलाई पुऱ्याउन आएको प्रहरीले, सके असईं यस्तै के थियो त्यो, त्यसले गर्जेर थर्काउन खोज्यो – तपाईहरू जस्ता विद्वान्हरूले पनि यस्तो उद्दण्डता देखाउने? थाहा छ, तपाईंहरू अहिले कहाँ हुनुहुन्छ? वातावरण सन्न भयो। चारैतिर क्रोधयुक्त मौन छायो। युद्धप्रसाद पाको उमेरका सहयात्रीहरूको घेराको बीचमा बसेर कठोर दृष्टिले त्यस प्रहरीलाई हेरिरहनु भएको थियो। बयासी हिउँद नाघिसकेका ती आदरणीय फुकिढल बाजे विरोधको कदममा हाम्रो साथमा हुनु हाम्रालागि गौरवको कुरा थियो, र हुनुसम्म ढाडसको कुरा पनि थियो।

अहिले तबेलाको मौरीको गोलोको माझमा युद्धप्रसाद सर्वमान्य रानो भएर बसिरहनु भएको छ। युद्धप्रसादको उपस्थितिले कसैलाई झल्यास्स केदारमान व्यथितको सम्झना गराएछ। अब त्यहाँ बृद्ध बाजे व्यथितको चर्चा छेडियो। कसले हो कुन्नि भन्यो, यतिखेर व्यथित बूढा घरमा मुलायम सोफामा गजधम्म बसेर पुर्पुरो छाम्दै चुकचुकाइरहेका होलान्। कमलमणिले विनोदी बोलीमा कुरामा उकेरा लगाउनु भयो – ज्या है! आज व्यथितजीको गाडी छुट्यो। देखिजान्ने साक्षीका रूपमा स्पष्टभाषी इतिहास सबैका सामु छ, राजसभाको खानदानी पदले केदारमान व्यथितलाई कालो पट्टी पर्वमा आउन दिएन। तर बृद्ध, रोगी र असक्त युद्धप्रसाद मिश्रलाई भने कुनै पनि प्रलोभन, कठिनाइ र कष्टले छेक्न सकेन। दुई बृद्ध साहित्यकारका दुईतिर फर्केका यी मुद्राले प्रतीकात्मक रूपले प्रगतिशील परिवर्तनको र अगतिशील यथास्थितिको उल्टो भाषा बोलिरहेका थिएझैं मलाई लाग्छ। अन्तर्दृष्टिले नियाल्न खोज्दा म देख्छु, एउटा मुख एउटै विशाल दरबारतिर फर्केको छ, अर्को मुख असंख्य छाप्रा-टहरातिर फर्केको छ।

तबेलामा एउटा समाचार खासखुसे शैलीमा यतादेखि उतासम्म कुद्यो। अन्जु दीक्षितलाई सुची गर्न मन लागेछ। त्यसपछि जे भयो, शान्ति क्षेत्रको उग्र रटना गर्ने पञ्चायती राजमा अचम्म भयो। हिउँ सरी सेताम्मे फुलेको कपाल, झिनो जिउडाल, थोरै कुप्रिएको ढाड – अघिअघि अन्जु दीक्षित सुस्तसुस्त गतिमा हिंडिरहनु भएको छ, पछिपछि पञ्चायतको सुरक्षाकर्मी हिंडिरहेको छ। कैदी भाग्ला कि, त्यसले कतै पर्खाल पो नाघ्ला कि भनेर होला सुरक्षाकर्मीको राइफल अन्जु दीक्षितको शिरतिर सोझिएको छ। बन्दुके भाइले अन्जु दीक्षितलाई सुची गराउन कहाँ पुऱ्यायो कल्पना गर्न सक्नुहुन्छ? वर होइन धेरै पर पुऱ्यायो, पर टुकुचाका डीलमा। यस्तो थियो नेपाली हावापानी र माटो सुहाउँदो पञ्चायत व्यवस्था – औधी जनप्रिय, उदार र निर्भय !......

पाका अगुवाहरूमध्ये गोबिन्दप्रसाद लोहनीको बोल्ने पालो आएछ क्यार, बूढा मच्चीमच्चीकन बोल्न थाल्नुभयो। मार्कोस, पिनोसे, दादा इदी अमिन – अहिले लोहनी संसारका दुर्नाम चलेका खूनीहरूका कुकर्मका काला कथा सुनाइरहनु भएको छ। कथा कहँदै जाँदा बूढाले क्रुद्ध उत्तेजनासाथ भन्नुभयो – अत्याचारको विश्व-सम्राट रूसी जारशाहीले पनि यत्रो अत्याचार त गरेको थिएन। सिंङ्गै मुलुकका प्रतिनिधि लेखक-कलाकारहरूको यो सिङ्गो गिरफ्तारी!..........

राष्ट्रको चेतनालाई बन्दी बनाउने पञ्चायती तबेलामा नानावली क्रियाकलापको सरगर्मी चलिरहेछ, छिनछिनमा दृश्य परिवर्तन भइरहेछ। मेरा आँखा हठात् आलोपालो गरी दुई पाका अनुहारमा थुरिन पुग्छन्। डायमन शमशेर र युद्धप्रसाद मिश्रका अनुहारमा। लाग्छ, दुई अनुहारमा दुई विपरीत भाव नाचिरहेछन्। डायमन शमशेरको अनुहारमा चिन्ता र भयको पातलो छायाँ छ। राष्ट्रका त्यत्रात्यत्रा प्रतिभाहरूको जमात जुट्ने विरोध भेलामाथि पञ्चायती भष्मासुरका नङ्राको त्यति निर्मम झम्टाइ आइलाग्ला भन्ने कुरा सके बूढाले चिताउनु भएको थिएन होला। नचिताएको कुरा आइलाग्दा चिन्ताको सागरमा डुब्नु त मानव स्वभाव नै हो। सके त्यही स्वभावको छायाँ अहिले डायमन शमशेरका अनुहारमा उत्रेको छ। उता युद्धप्रसादको अनुहारमा भने बेग्लै भाव छ, आश्चर्यजनक ढङ्गले बेग्लै। उमेर छ ८२ वर्षको, ज्यान छ फु गरे ढल्ला जस्तो। तर अनुहारको त्यो भाव! विचित्र छैन त्यो? अविचल, निश्चिन्त, निर्भय – स्थितप्रज्ञ !!

घोडाको तबेलामा कार्यकलापको अर्को मेसो शुरू भयो। प्रकाश सायमी हातमा कापी र कलम बोकेर साहित्यकार-कलाकारहरूका अन्तर्मनका भावनाहरूको जासुसी गर्न थाल्नुभएको छ। मान्छे छानीछानी उहाँ सोध्दै हुनुहुन्छ – कालो पट्टी पर्वमा सहभागी हुँदा अहिले यहाँलाई कस्तो लागिरहेछ? वरिष्ट साहित्यकारहरूका अनुभूतिहरूको अर्थको चियो गर्न व्यग्र भएकाहरूको कुँडुलोले प्रकाश सायमीलाई पछ्याइरहेछ। सोध्दै जाँदा मोहन कोइरालालाई सोध्ने पालो आउँछ। विनम्र लबजमा सायमी सोध्नुहुन्छ – दाइ! तपाईंलाई अहिले कस्तो लागिरहेछ? कस्तो लाग्नु र, बोर लागिरहेछ – विरक्त भावमा मोहन कोइराला उत्तर दिनुहुन्छ। भीडको पहरोलाई चिर्दै मुन्टो तन्काएर म हेर्छु, मोहन कोइराला अति खिन्न हुनुहुन्छ, अनुहारमा हँसीखुशी सुन्नाराम छ। ध्रुवचन्द्र गौतम ठट्टा र ब्यङ्ग्य मिसिएको स्वरमा सिकाउँदै हुनुहुन्छ – मोहनजी! यस्तो उदात्त कार्यकलापमा सहभागी हुने औसर पाउँदा गर्व लागेको छ पो भन्नुपर्छ त। मोहन कोइरालाको अनुहारमा झिझ्याटको झन् बाक्लो बादल मडारिन थाल्छ। टिठलाग्दो स्वरमा उहाँ भन्नुहुन्छ – के को गर्व लाग्नु? मलाई त बोरै लाग्या छ।

विनोदी मुद्रामा कुरा सुनिरहनु भएका कृष्णचन्द्र सिंह प्रधान हाँस्दा उहाँका कुम मस्त चालले माथितल-तलमाथि हल्लिएका देख्छु।

अघिनैदेखि छानीछानीकन आलोपालो गर्दै केरकार गर्ने क्रम चलिरहेछ। केरकार शुरू हुनुअघि नै केरकारमा के भन्ने र के नभन्ने भन्ने आम अभ्यास भइसकेको छ। सबैका जिब्रामा एकनासका उत्तर तम्तयार छन् – आयोजक को हो थाहा छैन। कसरी आइस् त भनेर सोधेछ भने के भन्ने नि? के भन्ने भने – पत्रिका पढेर चाल पाएँ। चाल पाएर आएँ। अर्थात् कतै जाँदैथिएँ, साहित्यकार-कलाकार एकै ठाउँमा जुटेको देखें। सहकर्मी र सहधर्मीको नाताले ऐक्यबद्धता जनाउन गोलोमा मिसिएँ। अनि पुलिसले पोको पोरर ल्यायो। अनि किन लागेको त यस्तो राजा-व्यवस्था विरोधी बाटोमा भनेर

सोध्यो भने के भन्ने नि? के भन्ने भने – यस मलुकमा साहित्यकार-कलाकारले निर्भयसाथ बोल्न, लेख्न, मनका भाव पोख्न पाएन। अभिव्यक्तिमाथिको दमनको विरोध गर्न साथीहरूको गोलोमा मिसिएको...। अनि उक्साउने–बहकाउने को हो भनेर गुह्य कुरा धुत्न खोज्यो भने? आफ्नो ब्रह्मको आदेशमा आएको हुँ भनी डटेर भन्ने।

केरकार गर्ने क्रम आलोपालो गरी चलिरहेकै छ। कालो पट्टीकर्मी समूहकी सबभन्दा कान्छी कवयित्री सुम्निमा तुलाधर बयान दिएर मुसुमसु हाँस्दै तल आउनु हुन्छ।

नानीलाई के सोध्यो हँ? – कमल दीक्षित सोध्नुहुन्छ।

सोधेका कुरा रस लिईलिइकन सुश्री तुलाधर बताउँदै जानुहुन्छ। म पद्मरत्न तुलाधरकी छोरी हुँ भनेपछि सोधुवाले हत्तपत्त टिप्पणी गरेछ – ए! नानी त जेल जान बानी परेको परिवारकी पो परिछ्यौ।

यति कलिली नानी, यस्तोमा किन आएकी तिमी? – केरकारेले अर्को प्रश्न सोधेछ।

म कवि हुँ, त्यसकारण मेरा साथीहरू आएका ठाउँमा आएकी!– सुम्निमाले बकाइदा उत्तर दिनुभएछ।

एउटा कविता सुनाऊ न त नानी! – केरकारेले जिस्क्याउन खोजेछ।

मुख जाम हुने जबाफ दिँदै सुम्निमा तुलाधरले भन्नु भएछ – यो खोरमा अहिले मेरो कविता सुनाउने मूड छैन!!

केरकारको अन्तिम कडी सुनिसकेपछि घोडाको तबेलाको कुँडुलोले मुस्कानको न्यानो लहरसाथ कवयित्री सुम्निमा तुलाधरको निसङ्कोच र निर्भीक स्वभावलाई अभिवादन गर्‍यो।

केरकार गर्ने क्रम झन्झन् छिटो चालले चलिरहेको छ। अब पालो आयो कमलमणि दीक्षितको। आनन्ददेव भट्टले फूर्तिसाथ अघि सरेर केरकार कम्पनीतिर जान लाग्नुभएका कमल दीक्षितको बाटो छेक्नुभयो। र, कान फुक्दै भन्न थाल्नुभयो – दीक्षितजी! तपाईलाई छाड्ने कुरा गर्‍यो भने सप्पै छुटेको नदेखी म एक्लै छुट्दिना भनेर अड्डी लिनुहोला है। तपाईंको बोली यहाँ लाग्नसक्छ।

कुरा ठीक हो। आनन्ददेव भट्ट चतुर र चङ्ख हुनुहुन्छ। ठीक मान्छेले ठीक मान्छेलाई ठीक मौकामा समात्नु भएको हो ! हातको पार लाउँदै कमलमणि दीक्षित भट्टलाई आश्वस्त गराउनु हुन्छ – यसमा हजूरले फिक्री गर्नु पर्दैन। मर्जी बमोजिम यो सेवक सेवामा हाजिर छ!!

साँझ पर्नपर्न लागेपछि रिहाइ गर्ने क्रम शुरू हुन्छ। सबभन्दा पहिले युद्धप्रसाद मिश्रलाई डाकिन्छ। वृद्ध र असक्त मान्छे, उहाँ कसरी घरसम्म जानुहुन्छ? बूढाका कनिष्ट सहकर्मीहरूका मनमा चिन्ता जाग्छ। सबैका चित्तको चिन्ताग्रस्त आशयलाई आवाज दिँदै उनै कमलमणि दीक्षित अघि सरेर भन्नुहुन्छ – प्रहरी भाइ! उहाँ सारै पाको मान्छे, धेरै कमजोर हुनुहुन्छ। उहाँलाई ठाउँमा पुर्‍याइदिने व्यवस्था त हुनुपर्‍यो नि।

नभन्दै व्यवस्था भयो र युद्धप्रसाद मिश्र हात हल्लाएर सबैलाई ढाडस दिँदै बाटो लाग्नु भयो।

अहिले त्यस्तै साढे सात बजेको होला। रिहाइ गर्ने क्रममा एकएक गर्दै माथि डाक्ने क्रम चलिरहेछ। केरकार गर्ने क्रम प्रायः सकिएको छ। माथि डाकेर चार पाटाको हुलिया राख्न ओर्काइ-फर्काइकन भिडियो क्यामेराले तस्वीर खिचिन्छ, सही गराइन्छ र आखिरमा छाडिन्छ। माथि जाने गइरहेका छन्, पालो पर्खने व्यग्रतासाथ तल पर्खिरहेका छन्। आफ्नो पालो आउला कि नआउला, पर्खनेहरूका मनमा चीसो आशङ्का छ। पछि परेकाहरू छुट्लान् कि नछुट्लान्, छुट्ने पालोमा परेकाहरूका मनमा ननिको चिन्ता छ। आशङ्का र चिन्ता मेरा मनमा पनि छ। मनमनै हिसाब गर्दै म गम्छु, सके मुरारी अर्याललाई र मलाई नछाड्लान् कि? कालो पट्टी पर्वको तयारीका क्रममा सारा सम्पर्क र संयोजनका काम, भेला र छलफल मुरारी अर्यालको घरमा भएका छन्। सबै गतिविधि खुला छन्। सम्पर्क र संयोजनको क्रममा म पनि बाहिर निकै देखिएको छु, यता र उता दगुरेको छु। मेरो घर पनि चाबहिलमै छ। फेरि, कालो पट्टी पर्वको दिन एका बिहानै स्थानीय वडा अध्यक्ष सानुकाजी शाक्यले मुरारी अर्यालसँग सोधेका छन् – मुरारी भाइ, आजको लेखक जुलुस चाबेलबाटै निस्किने हो? भाते अञ्चलाधीशले मलाई कस्तो ख्याउख्याउ पारेर ल्यायो !.......

आखिरीतिर मलाई पनि माथि डाकियो। पहिले मेरो बयान लिएको थिएन। एउटा कोठामा उभ्याएर मेरो नाम, काम, थर र वतन सोधियो। सोध्ने मान्छे उल्लू-उल्लू खालको थियो। कुन पार्टीमा लाग्या हो? – एउटा प्रश्न यो थियो। लेखक पार्टीमा, मैले उत्तर दिएँ। लेखक पार्टी पनि छ? साँच्ची ने होभैं ठानेर गम्भीर हुँदै उसले सोध्यो। आजको कार्यक्रम गरेकै लेखक पार्टीले हो, हाँसोलाई मनमै दबाउन बल गर्दै मैले जबाफ दिएँ। मलाई लाग्यो, सके यो केरकार रीत पुऱ्याउने मेसो मात्र पो हो कि ! अलिबेरपछि मलाई अर्को कोठामा भित्र लगियो। त्यहाँ भिडयो क्यामेरावाल थियो। अगाडि-पछाडि, वल्टो-कोल्टो, वर्काई-फर्काइकन भिडियो क्यामेराले मेरो तस्वीर खिच्यो। आखिरमा 'म छुटें' भनेर सहीछाप गराउन फेरि बाहिरपट्टिको कोठामा लगियो। त्यहाँ रूद्र खरेलसँग मेरो भेट भयो। सही गराउने प्रहरी खरेलजीको कानून क्याम्पसको पुरानो चेलो परेछ। कानूनको रकमी भाषामा गुरू-चेलाको काइदाको कुराकानी भइरहेको रहेछ।

सरजस्तो मान्छे पनि यस्तामा लाग्ने? चेलो गुरूलाई सम्झाइरहेको थियो।

अब प्रहरी समेतले यस्तामा लाग्नुपर्छ भाइ, खरेलजी गुरूकुल शैलीमा उपदेश दिइरहनु भएको थियो।

हामी बाहिर सडकमा निस्क्यौं। हरिगोबिन्द र शायद वासुदेव अधिकारीसँग बाहिर हाम्रो भेट भयो। केहीजना पट्टीकर्मीहरू छुट्न बाँकी थिए। रामेश, शार्दूल भट्टराई र त्रिरत्न शाक्यसँग दोहोऱ्याएर बयान लिएको कुरा चाल पाएपछि हामीलाई अनिष्ट

संकेतको आभास भयो। उहाँहरूलाई एकाध दिनअघि गौशालामा पर्चा छरेको र अरू के के फत्तुर लगाएर हैरान पार्न खोजेको रहेछ।

अलिबेरपछि रामेश, शार्दूल र त्रिरत्न भोलिपल्ट हाजिर हुने गरी तारिखमा छुट्नु भयो।

अब भने सबै छुटियो, हामी ढुक्क भयौं।

कथाको एक पाटो सकियो। तर कालो पट्टी पर्वकी नायिका पारिजातको कथा सुनाउन बाँकी नै छ। कालो पट्टी पर्वको थलोबाट अरू सबैलाई लछार्दै र घँचेड्दै टाटा ट्रकमा लोड गरिंदा पारिजात जहाँको तहीं छाडिनु भएछ। अन्योल र खल्बलीको त्यो वातावरणमा मलाई त ख्यालसम्म पनि भएन। पछि घोडाको तबेलाबाट छुटेपछि सोधखोज गर्दा थाहा भयो, सबैलाई चलान गरेपछि केही प्रहरी जवान पारिजातलाई पहरा दिएर बसेछन्। तिनले अनुरोध गरेछन् – दिदी, तपाईंलाई घर पऱ्याइदिनू भन्ने साप्को आदेश छ। पारिजातको अडान नै पहरो सरह जब्बर, उहाँ किन टेर्नुहुन्थ्यो? कठोर स्वरमा भन्नु भएछ – महिला प्रहरी ल्याओ। म पनि गिरफ्तारी दिन्छु। म मेरा साथीहरूलाई लगेकै ठाउँमा जान्छु। आखिरमा उहाँले भन्नु भएछ – हाम्रो दुई घण्टाको कार्यक्रम हो। बुल्डोजर ल्याएर पेल्छौ भने पनि दुई घण्टा पूरा नगरी म यहाँबाट डेग चल्दिन।

पारिजात अहिले मुखमा कालो पट्टी बाँधेको बाँध्यै जहाँको तहीं बसिरहनु भएको छ। आजीत र थकित भएका प्रहरीहरू सामुन्ने खडा छन्। सके डेढ घण्टापछि होला, पारिजातलाई त्यत्तिकै छाडेर थकित प्रहरीहरू लाखापाखा लागे। पारिजात भनेको राजधानी शहरका धेरै मानिसले चिनजानेको नाम। कतिपयले सुनेर चिनेका, कतिपयले देखेर चिनेका, कतिपयले पढेर चिनेका। पारिजात यतिखेर घण्टाघरछेउ सरस्वती सदन अगाडि भत्भती पोल्ने चैते घाममा ढुक्कसँग मूढामा बसिरहनु भएको छ। मुखमा कालो पट्टी छ, त्यो पनि अरूको होइन पारिजातको मुखमा! सरस्वती सदनको सेरोफेरोमा एक कान दुई कान मैदान भयो – पारिजात एक्लै मुखमा कालो पट्टी लाएर सरस्वती सदन अगाडि....। त्यहाँ चिनारू, शुभचिन्तक र रमितेहरूको कुँडुलो लाग्यो।

दुई घण्टा पूरा भएपछि बल्ल पारिजातले कालो पट्टी खोल्नुभयो। कोही शुभचिन्तकले ट्याक्सी खोजेर ल्याइदियो। र, पारिजात आफ्नो गुँड म्हेपीतिर लाग्नुभयो।

परीक्षाको घडीमा इतिहासले सोध्ला – तोकिएको कार्यक्रम अनुसार पूरा समय मुखमा कालो पट्टी बाँधेर सरस्वती सदन अगाडि टन्टलापुर घाममा टट्टिने एक मात्र लेखक को थियो?

ढाँट्न नजान्ने समय साछी छ – त्यस लेखकको गरिमामयी नाम हो पारिजात!

अभिव्यक्ति स्वतन्त्रताका पक्षधर र राज्यहिंसा विरोधी साहित्यकार-कलाकारहरूको कालो पट्टी पर्व यसरी सम्पन्न भयो। सहभागीहरूको अटल आपसी विश्वास र दरिलो ऐक्यबद्धतासाथ शानदार ढङ्गले त्यो टुङ्गियो। जनविरोधी पञ्चसत्ता हल्ल्यो। वाम, काङ र

आफ्नै सुरको बाटोका साहित्यकार-कलाकारहरूको घनिष्ट सडक-एकता देखेर जनविरोधको तारो बनेको जर्जर पञ्च सत्ता थर्क्यो। पछिको प्रतिक्रिया र प्रतिरोधको डरले गर्दा हुनुपर्छ, गिरफ्तार गरिएका सबैलाई बिना शर्त छाड्न कमाण्डो शासन बाद्य भयो। ०४६ सालको जनआन्दोलनमा भएको पहिलो सामूहिक गिरफ्तारी त्यही थियो –कालो पट्टी पर्वमा जुटेका साहित्यकार-कलाकारहरूको आम गिरफ्तारी। र, भिन्नभिन्न आस्थाका स्वतन्त्रताप्रेमी साहित्यकार-कलाकारहरूको त्यो पहिलो एकताबद्ध सडक संग्राम थियो। र, नेपाली साहित्य, कलाको इतिहासमा पहिले कहिल्यै नभएको शानदार घटना थियो त्यो।

शुरूमै भनिसकें, बर्बर दमनको शिकार भई जनआन्दोलन गतिरोधको अक्करमा अल्भेको नाजुक घडी थियो त्यो। इतिहासको त्यस्तो घडीमा साहित्यकार-कलाकारहरूको कालो पट्टी पर्व औंसीको निस्पट्ट अँध्यारोमा जूनकिरीको चमक सरह भइदियो। अनिष्ट तन्द्रामा भुलिरहेको जनआन्दोलनलाई ब्यूँभाउन कालो पट्टी पर्वले अलिकता भए पनि उर्जा थपिदियो, न्यानो संचार गरिदियो। नेपाली साहित्य र कलाको इतिहासमा त्यो एक सचेत, सुनियोजित र सुसंगठित पाइलो थियो। त्यसपछिका घटना-प्रक्रियाहरू आफै साछी छन्, कालो पट्टी पर्वले आफ्नो महत्ता आफ्नै सामर्थ्यको बलले आफै सिद्ध गरिछाड्यो।

हामी साहित्यकार-कलाकारका आफ्नै गौरवमय सबलता पनि छन्, लापर्वाही र हेलचेक्र्याइँ गर्दै आफ्नै इतिहासको जोगाउ गर्न नजान्ने जस्ता गम्भीर दुर्वलता पनि छन्। सामूहिक बुद्धिमत्ता र शौर्यको बलले नेपाली साहित्यकार-कलाकारहरूको त्यत्रो सार्थक घटना इतिहासमा रचियो, तर वर्षमा एक पटक त्यसको सामूहिक संस्मरण गर्ने सुद्धि धरी हामीलाई अभ्रसम्म आएन। बरू कतै समाचारमा पढेको सम्भन्छु – कालो पट्टी पर्वपछिको अर्को चैत ३ गते *अनाम नाट्य जमात*, धरानले कालो पट्टीको इतिहासको सामूहिक संस्मरण गरेथ्यो।

कालो पट्टी पर्व – जनआन्दोलनको त्यो जूनकिरी!

साहित्यकार-कलाकारहरूको त्यो अभूतपूर्व गौरव दिवस!!

२९ साउन २०५३
चाबहिल, काठमाडौं।

**सन्दर्भसामग्री**

डेशेन, मेरी तथा महेश मास्के। १९९६। द गालप्स् अफ् जङ्ग बहादुर्स होर्सेस्, *द काठमाडौं पोष्ट (आईतबार अतिराङ्क)*, ६ अक्टोबर, पृ. ३।

मास्के, महेश। १९९६। कुडोस् टु वन्त। द *काठमाडौं पोष्ट,* २३ जुन, पृ. ४।

वन्त, प्रत्यूष। १९९६। रिभिजिटिङ्ग पञ्चायत विथ संग्रौला, द *काठमाडौं पोष्ट,* २७ मई, पृ. ४।